श्री सर्वोच्च अदालत
को सत्यनारायण भट्ट
नक्कल ... 
लागी साल ताल दस्तुर लिई नक्कल दिने
२२/-

२१ सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

आदेश

०८०-WO-०३९२

मुद्दाः- उत्प्रेषण परमादेश।

रीना कुमारी साह .................................................................. निवेदक

विरुद्ध

निर्वाचन आयोग कान्तिपथ, काठमाडौंसमेत .................................... विपक्षी

यसमा रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री शम्भु थापा, श्री रमण श्रेष्ठ, श्री चण्डेश्वर श्रेष्ठ, श्री रामनारायण विडारी, श्री सुरेन्द्रकुमार महतो र श्री उद्धवप्रसाद चौलागाई विद्वान् अधिवक्ताहरु डा.श्री भिमार्जुन आचार्य, वीरेन्द्रप्रसाद साह र श्री सत्यनारायण खड्गी तथा सरिक हुन पाउँ भनी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, श्री महेशकुमार नेपाल, श्री ईश्वरी भट्टराई, श्री श्रीकान्त बराल, श्री टीकाराम भट्टराई, श्री रमेश बडाल, श्री केदारप्रसाद कोइराला तथा विद्वान् अधिवक्ताहरु श्री राजेन्द्र घिमिरे, श्री प्रवल शर्मा, श्री निश्चल वाग्ले, शिवराम श्रेष्ठ र सरिक हुन आएका सरोकारवालाहरु सुधिरकुमार पण्डितसमेतका तर्फबाट अधिवक्ता श्री उमेशप्रसाद र श्री सुनिलकुमार पटेलले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. २, ३, ४ र ५ ले आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

मिति २०७९।१।३० को निर्वाचनबाट रौतहट जिल्ला, गौलापुर नगरपालिकाको नगर प्रमुख पदमा निवेदीका रिनाकुमारी साह निर्वाचित भएकोमा निवेदीकाले नेपाल कम्युनिष्ट

पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) दल त्याग गरेको भन्ने आधारमा निवेदीका निर्वाचित भएको त्यस्तो पद स्वतः रिक्त हुने भनी नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) बाट उक्त पद रिक्त भएको सूचना गरिदिन निर्वाचन आयोगमा पत्राचार गरेको र सोही आधारमा निर्वाचन आयोगले निवेदीका निर्वाचित भएको मौलापुर नगरपालिकाको नगरप्रमुखको पद स्वतः रिक्त भएको सूचना प्रकाशित गर्ने र सो सूचना प्रकाशित भएको मितिदेखि त्यस्तो पद रिक्त हुने भनी निर्वाचन आयोगले मिति २०८०।६।२९ मा निर्णय गरी सूचनासमेत प्रकाशित गरी संविधान र कानून विपरीत विपक्षीहरुले गरेको उक्त निर्णय कामकारवाही पत्राचार सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरी मौलापुर नगरपालिकाको नगर प्रमुखको पदमा यथावत काम गर्न दिनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश लगायत अन्तरिम आदेशसमेत जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखियो।

निवेदकले अन्तरिम आदेश माग गरेको सन्दर्भमा विचार गर्दा, आफूले दल त्याग नगरेको र आफू नेपाल कम्युनिष्ट पार्टीमा आवद्ध रही आएको छु भन्ने निवेदीकाको जिकिर रहेको देखिन्छ। निवेदीकाले दल त्याग गरेकोले निवेदीका निर्वाचित भएको मौलापुर नगरपालिकाको नगर प्रमुख पद स्वतः रिक्त हुनुपर्ने भनी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) बाट लेखी आएको भन्ने आधारमा निवेदीकाको उक्त नगर प्रमुखको निर्वाचित पद स्वतः रिक्त भएको भनी निर्वाचन आयोगबाट मिति २०८०।६।२९ मा निर्णय गरेको पाइन्छ र सो सम्बन्धी सूचनासमेत प्रकाशित गरेको देखिन्छ। प्रस्तुत विवाद निवेदीकाले दल त्याग गरेको हो होइन भन्ने सम्बन्धमा रहेकोले प्रथमतः राजनीतिक दल त्याग सम्बन्धी कानूनी व्यवस्था हेर्नु वाञ्छनीय देखिन आयो। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ मा यसप्रकार कानूनी व्यवस्था रहेको पाइन्छः-

दफा ३२ <u>दल त्याग गरेको मानिने:</u> (१) देहायको अवस्थामा सदस्यले दल त्याग गरेको मानिनेछः-

(क) निजले सम्बन्धित दलको सदस्यबाट लिखित रुपमा राजीनामा दिएमा,

(ख) निजले अर्को दलको सदस्यता लिएमा, वा

(ग) निज आफैंले वा निजसमेत संलग्न भई अर्को दल गठन गरेमा।

प्रस्तुत विवादमा निवेदीकाले सम्बन्धित दलको सदस्यबाट राजीनामा दिएको नदेखिएको, निजले अर्को दलको सदस्यता लिएको भन्ने देखिने आधिकारिक आधार प्रमाण पेस नभएको र निवेदीका संलग्न भई अर्को दल गठन गरेको भन्ने वैधानिक आधार प्रमाणको अभाव रहेको अवस्थामा निवेदीकाको नगर प्रमुख पद नरहने तथा पद रिक्त हुने गरी विपक्षीहरुबाट भएको निर्णय, कामकारवाही, पत्राचार, सूचनाले निवेदीका जननिर्वाचित स्थानीय नगर कार्यपालिकाको प्रमुख भएकोले निजले नेपालको संविधानको धारा २१८ बमोजिम

सम्पादन गर्नुपर्ने संवैधानिक तथा कानूनी कर्तव्य अधिकारमा समेत प्रत्यक्ष असर पर्ने परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मौलापुर नगरपालिकाको निवेदीका निर्वाचित भएको नगर प्रमुख पद रिक्त भएको भनी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) बाट भएको निर्णय तथा सो सम्बन्धमा निर्वाचन आयोगलाई गरेको पत्राचार, निवेदिकाको नगर प्रमुख पद स्वतः रिक्त भएको भनी निर्वाचन आयोगबाट मिति २०८०।६।२९ मा भएको निर्णय तथा गोरखापत्रमा प्रकाशित सूचनासमेत हाललाई कार्यान्वयन नगर्नू, नगराउनू र निज निवेदिकालाई पूर्ववत रौतहट जिल्ला, मौलापुर नगरपालिकाको प्रमुख पदमा रही यथावत काम कारवाही गर्न दिनू भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

न्यायाधीश

इति संवत् २०८० साल कार्तिक २४ गते रोज ६ शुभम् ......................................।